**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ०७ जनवरी २०२६**
**समयः १८:५० – १९:०० बजे**

१. भारतीय जनता पार्टीका राष्ट्रिय अध्यक्ष तथा केन्द्रिय स्वास्थ्य मन्त्री जेपी नड्डा आज राति कोलकाता पुग्नु हुनेछ।

२. पश्चिम बंगालमा चलिरहेको एसआईआरमा निर्वाचन आयोगले प्रवासी श्रमिकहरू र राज्य बाहिर पढ़ाई गरिरहेका छात्रहरूलाई ठूलो राहत दिएको छ।

३. पश्चिम बंगालमा हुने आगामी विधानसभा चुनाउअघि भारतीय जनता पार्टीले नयाँ राज्य कमिटीको घोषणा गरेको छ।

४. सिलगढ़ीको रांगापानी रेलवे लेभल क्रसिंगमा दार्जीलिङका सांसद राजू बिष्टले लगभग 70 करोड रुपियाँको लागतमा निर्माण हुने ओभरब्रिजको शिलान्यास गर्नु भएको छ।

५. रोहिणी रोड खोलिएपछि राष्ट्रिय राजमार्ग 110 अहिले सुनसान बनेको छ भने क्षेत्रका मानिसहरुले गाडीहरु वान वे गरिदिने मांग गरेका छन्।

**जेपी नड्डा - कोलकाता**

भारतीय जनता पार्टीका राष्ट्रिय अध्यक्ष तथा केन्द्रिय स्वास्थ्य मन्त्री जेपी नड्डा आज राति कोलकाता पुग्नु हुनेछ। आफ्नो भ्रमणको क्रममा उहाँले दुई महत्वपूर्ण बैठकहरूमा भाग लिनु हुनेछ जसमा एउटा प्रशासनिक र एउटा राजनीतिकरहेको छ। यो जानकारी पार्टीको राज्य समितिका एक सदस्यले दिएका हुन्। श्री जेपी नड्डा भोलि बिहान शहरमा स्वास्थ्य सम्बन्धी सेमिनारमा भाग लिनु हुनेछ र सम्बोधन पनि गर्नु हुनेछ। त्यसपछि उहाँले बंगाल भाजपाको एक महत्वपूर्ण संगठनात्मक बैठकको अध्यक्षता गर्नु हुनेछ। बैठकपछि उहाँ भोलि साँझ दिल्ली फर्कनु हुनेछ।
पार्टी सूत्रहरू अनुसार, पश्चिम बंगाल भाजपा प्रदेश अध्यक्ष तथा राज्यसभा सांसद समिक भट्टाचार्यले जेपी नड्डालाई यो संगठनात्मक बैठकमा भाग लिन र पार्टी नेताहरूलाई मार्गदर्शन प्रदान गर्न विशेष रूपमा आमन्त्रित गर्नु भएको छ। राष्ट्रिय अध्यक्षले यो निमन्त्रणा स्वीकार गर्नु भयो।

यस भ्रमणको क्रममा श्री जेपी नड्डाले यस वर्षको राज्यमा विधानसभा चुनाउको लागि पार्टीको चुनावी रणनीतिको बारेमा आफ्नो विचार साझा गर्नु हुने र भविष्यको दिशा तय गर्ने विश्वास गरिएको छ।
उल्लेखनीय छ, गत महिना केन्द्रिय गृहमन्त्री अमित शाहले तीन दिनको लागि कोलकाताको भ्रमण गर्नु भएको थियो। प्रधानमन्त्री नरेन्द्र मोदीले जनवरीको अन्त्यमा दुई दिनको लागि राज्यको भ्रमण गर्ने कार्यक्रम पनि रहेको छ। यी दुई भ्रमणहरूबीच राष्ट्रिय अध्यक्ष तथा केन्द्रिय स्वास्थ्य मन्त्री जेपी नड्डाको कोलकाताको भ्रमण र संगठनात्मक बैठकको अध्यक्षताले भाजपा नेतृत्वले विधानसभा चुनाउको तयारीलाई उच्च प्राथमिकता दिइरहेको संकेत गर्दछ।

**एसआईआरमा प्रवासी श्रमिकहरू र राज्य बाहिर पड्नेहरूलाई राहत**

पश्चिम बंगालमा आगामी विधानसभा चुनाउलाई लिएर चलिरहेको मतदाता सूचीको विशेष गहन पुनरीक्षण एसआईआरमा भारत निर्वाचन आयोगले प्रवासी श्रमिकहरू र राज्य बाहिर पढ़ाई गरिरहेका छात्रहरूलाई ठूलो राहत दिएको छ। आयोगले स्पष्ट पारेको छ कि जसको नाम "तार्किक विसंगति" को रूपमा चिन्हित गरिएको छ, ती मतदाताहरूलाई सुनवाइको लागि शारीरिक रूपमा उपस्थित हुन आवश्यक पर्दैन। निर्वाचन आयोग सूत्रहरू अनुसार, जीविकोपार्जनका लागि अन्य राज्यमा बस्ने प्रवासी कामदार र पश्चिम बंगाल बाहिर अध्ययनरत विद्यार्थीहरूका परिवारका सदस्यहरूले सुनवाइ केन्द्रमा गएर आफ्नो

तर्फबाट आवश्यक कागजातहरू पेश गर्न सक्नेछन्। यी कागजातहरूको आधारमा आयोगले मतदातासँग सम्बन्धित शंकाहरू समाधान गर्नेछ।स्रोतहरू अनुसार, पश्चिम बंगाल बाहिर काम गर्ने कामदार र अन्य राज्यहरूमा अध्ययनरत विद्यार्थीहरूको संख्या धेरै छ। यसैलाई ध्यानमा राख्दै आयोगले नियमहरूमा यो व्यावहारिक छूट दिने निर्णय गरेको छ ताकि वास्तविक मतदाताहरूले अनावश्यक असुविधाको सामना गर्नु नपरोस्। यसैबीच, बुथ लेभल अफिसरहरू बीएलओले नोटिस वितरण गर्न मतदाताहरूको घरमा जाँदा उनीहरूले मतदाता वा उनीहरूको परिवारका सदस्यहरूलाई ‘प्रोजेनी मैपिंग’ प्रक्रियाको क्रममा किन उनीहरूको नाम "तार्किक विसंगति" को रूपमा चिन्हित गरिएको छ भनेर पनि व्याख्या गर्नेछन्। निर्वाचन आयोगले राज्य सरकारी कर्मचारीहरूबाट पनि एक घोषणा पत्र मागेको छ, जसमा उनीहरूले यो प्रमाणित गर्नुपर्नेछ कि उनीहरू दुई अलग-अलग स्थानको मतदाता सूचीमा पंजीकृत छैनन्। आयोगको उद्देश्य दोहोरो मतदाता पंजीकरणको कुनै पनि सम्भावनालाई समाप्त गर्नु हो।

आयोग सूत्रहरू अनुसार, ‘अनमैप्ड’ श्रेणीका मतदाताहरूको सुनवाइ प्रक्रिया लगभग पूरा भएको छ। राज्यमा यस्ता मतदाताहरूको संख्या 30 लाखभन्दा बढ़ी अनुमान गरिएको छ। यसैबीच, "तार्किक विसंगति" श्रेणीमा पहिचान गरिएका मतदाताहरूको संख्या लगभग 92 लाख छ।यी "तार्किक विसंगति" मुद्दाहरूको सुनवाइ 13 जनवरीदेखि शुरू हुनेछ। अन्तिम मतदाता सूची 14 फरवरीमा प्रकाशित हुनेछ। यसको अर्थ आयोगले यी सबै मुद्दाहरूको सुनवाइ एक महिनाभन्दा कम समयमा पूरा गर्नुपर्नेछ।

मतदाता सूचीको मस्यौदा प्रकाशन भएपछि छिट्टै नै भारतीय निर्वाचन आयोगको पूर्ण पीठ कोलकाता आउनेछ र सम्पूर्ण स्थितिको समीक्षा गर्नेछ। त्यसपछि मात्र यस वर्ष हुने महत्वपूर्ण विधानसभा चुनाउहरूको मतदानको मिति घोषणा गरिनेछ।

## पश्चिम बंगालमा भाजपाको नयाँ राज्य कमिटीको घोषणा

पश्चिम बंगालमा हुने आगामी विधानसभा चुनाउअघि भारतीय जनता पार्टीले आफ्नो संगठनलाई सुदृढ पार्ने दिशामा एक ठूलो कदम चालेको छ। पार्टीले आज औपचारिक रूपमा नयाँ राज्य कमिटीको घोषणा गरेको छ। आगामी चुनावी रणनीतिको लागि यो घोषणालाई महत्त्वपूर्ण मानिन्दैछ। बलियो संगठनले कार्यकर्ताहरूलाई एकताबद्ध गर्न र राम्रो चुनावी प्रदर्शन हासिल गर्नसक्छ भन्ने पार्टी नेतृत्वको विश्वास छ। पार्टीद्वारा जारी अधिसूचना अनुसार, सञ्जय सिंह, राजु ब्यानर्जी, देवश्री चौधरी, अग्निमित्र पल, दीपक बर्मन, जगन्नाथ चट्टोपाध्याय, मनोज टिग्गा, निशीथ प्रमाणिक, तापस रोय, अमिताव रोय, तनुजा चक्रवर्ती र प्रबल राहालाई प्रदेश अध्यक्ष शमिक भट्टाचार्यको टोलीमा प्रदेश उपाध्यक्ष नियुक्त गरिएको छ। संगठनको सञ्चालनलाई सुदृढ पार्न ज्योतिर्मय सिंह महतो, लकेट चटर्जी, सौमित्र खान, बापी गोस्वामी र शशी अग्निहोत्रीलाई प्रदेश महासचिवमा नियुक्त गरिएको छ।

**यसको साथै धरातलिय स्तरमा संगठनात्मक र राजनीतिक गतिविधिहरूलाई तिखार्न धेरै सचिवहरू पनि नियुक्त गरिएको छ। यसमा शंकर घोष, दीपांजन गुहा, सोनाली मुर्मु, मनोज पाण्डे, अमलन भादुरी, महादेव सरकार, सखारोव सरकार, सिन्टु सेनापति, सरबरी मुखर्जी, मोहन शर्मा, बिवा मजुमदार र संजय वर्मा सामेल छन्। यसका साथै, पार्टीको आर्थिक र प्रशासनिक मामिलाहरू सम्हाल्न आशिष बापटलाई कोषाध्यक्ष नियुक्त गरिएको छ। प्रवीण अग्रवाल र विद्यासागरलाई संयुक्त कोषाध्यक्षको जिम्मेवारी तोकिएको छ। प्रणय रोयलाई कार्यालय सचिव नियुक्त गरिएको छ र प्रत्युष मण्डललाई कार्यालयको काम सम्हाल्न संयुक्त कार्यालय सचिव नियुक्त गरिएको छ। भाजपा सूत्रहरू अनुसार, नयाँ कमिटीमा अनुभव र युवा नेतृत्वबीच सन्तुलन कायम गर्ने प्रयास गरिएको छ। यसका साथै राष्ट्रिय स्वयंसेवक संघ आरएसएस पृष्ठभूमि भएका व्यक्तिहरूलाई पनि समावेश गरिएको छ। पार्टीको प्राथमिक ध्यान बुथ स्तरमा संगठनलाई सुदृढ पार्ने, आफ्ना कार्यकर्ताहरूलाई पुन: ऊर्जावान बनाउने र चुनाउअघि जनसम्पर्कलाई तीव्र बनाउनु हुनेछ।**

## रांगापानी रेलवे लेभल क्रसिंगमा रोड ओभरब्रिजको शिलान्यास

सिलगढ़ीको रांगापानी रेलवे लेभल क्रसिंगमा दीर्घकालीन समस्याको समाधान गर्ने दिशामा महत्वपूर्ण कदम उठाइएको छ। दार्जीलिङका सांसद राजू बिष्टले यहाँ रोड ओभरब्रिज (आरओबी)-को शिलान्यास आज गर्नु भएको छ। लगभग 70 करोड

रुपियाँको लागतमा निर्माण हुने यस आरओबीको निर्माण कार्यको औपचारिक शुरूआत भइसकेको छ। माटीगाड़ा औचटहाट राज्य सड़कलाई जोड्ने यो रेलवे लेभल क्रसिंग वर्षौंदेखिको जनसाधारणको लागि समस्याको कारण बन्दै आएको थियो। सिलगढ़ीसहित उत्तर बंगाल मेडिकल कलेज जानलाई बाटोमा प्रायजसो नै ट्रेनहरूको आवागमन हुने हुनाले लामो जाम लाग्थ्यो। गम्भीर रोगी, प्रसुता महिलाहरूलाई लिएर गइरहेका एम्बुलेन्सहरूलाई पनि घण्टौंमसम्म प्रतिक्षा गर्नुपर्थ्यो। एनजेपी रूटमा ट्रेनहरूको संख्या बढ़ेको कारण यो लेभल क्रसिंग दिउँसो प्रायः जसो नै बन्द रहन्थ्यो जसले गर्दा आम मानिसहरूलाई विविध समस्याको सामना गर्नुपर्थ्यो।

शिलान्यास कार्यक्रममा दुई भाजपा विधायक र कटिहार डिभीजनका डीआरएम पनि उपस्थित थिए। जानकारी अनुसार यो आरओबी एक किलोमीटर लामो हुनेछ जसमा दुवैतिर 450-450 मीटर तथा बीचमा 100 मीटर भाग सामेल रहनेछ। यसको साथै दुवैतर्फ रोडपनि बनाइनेछ।
यस विषयमा सांसद राजू बिष्टले भन्नु भयो, प्रधानमन्त्री र रेल मन्त्रीको विशेष प्रयासबाट यो परियोजना सम्भव हुन सकेको छ। उहाँले यसलाई नयाँ वर्षको उपहार बताउँदै भन्नु भयो, यसबाट खोरीबाड़ी, फाँसीदेवा, सिलगढ़ी, माटीगाड़ा औफूलबाड़ीका मानिसहरू सोझै लाभान्वित हुनेछन्। उहाँले आरोप लगाउनु भयो, पहिला राज्य सरकारद्वारा धनराशिको 50 प्रतिशत भाग नदिइएको कारण यो काम रोकिएको थियो। अब केन्द्र सरकारले सम्पूर्ण धनराशि खर्च गरिरहेको छ।

**<u>म्यानड्रिल प्रजनन सफल</u>**

सिलगढ़ीको बंगाल सफारी पार्कमा राज्यमा पहिलो पटक म्यानड्रिल प्रजनन सफल भएको छ। नयाँ वर्षको प्रारम्भमा म्यानड्रिलको एक जोड़ीले एउटा शावकलाई जन्म दियो जसबाट पार्क प्रशासन अनि वन विभागमा हर्ष व्याप्त भएको छ। जानकारी अनुसार राज्यभरिमा हाल सिलगढ़ीको बंगाल सफारी पार्कमा मात्र म्यानड्रिल अवस्थित छ। वर्ष 2023-मा जमशेदपुरस्थित टाटा स्टील जूलोजिकल पार्कबाट म्यानड्रिलको एक जोड़ीलाई यहाँ ल्याइएको थियो। यसको लागि लगभग 23 लाख रुपियाँको विशेष एनक्लोजर तयार गरिएको थियो। यसै एनक्लोजरमा म्यानड्रिल दम्पत्तिले स्वस्थ शावकलाई जन्म दियो। हाल आमा र शावक दुवैलाई निगरानीमा राखिएको छ। सफारी पार्क प्रशासनले बताए अनुसार, दुवै पूर्ण रूपमा स्वस्थ छ। चिसोदेखि बचाउनको लागि हिटर, पराल र जुटको बोराको व्यवस्था गरिएको छ। आमाको आहारमा पनि परिवर्तन गरी प्रतिदिन अधिक प्रोटीनयुक्त भोजन, तातो सूप र नियमित भिटामिन सामेल गरिएको छ। शावकले अहिले आमाको दुध खाइरहेको छ। यस सम्बन्धमा राज्यकी वन मन्त्री बिरबाहा हांसदाले भन्नु भयो, सफारी पार्कमा लगातार भइरहेको सफल प्रजननले हामीलाई अझ उत्साहित बनाइरहेको छ। किनभने यो राज्यको एकमात्र म्यानड्रिल जोड़ी हो, त्यसैले हामी प्रजनन हुन्छ कि हुँदैन भन्ने विषयमा चिन्तित थियौं। तर अब सबै कुरा राम्रो भयो। आमा र शावक दुवै सुरक्षित छन्। शावक आमासितै बसिरहने हुनाले हाल त्यसको लिंग निर्धारण गर्न सकिएको छैन।स्मरण गराइन्छ, यसपूर्व बाघ, चितुवा र भालुको सफल प्रजननपछि अब म्यानड्रिलको सफल प्रजनन भएपछि बंगाल सफारी पार्कलाई स्थानीय प्रजनन केन्द्रको रूपमा विकसित गर्ने माग फेरि ताजा भएको छ।

**<u>रोहिणी रोड खोलिएपछि राष्ट्रिय राजमार्ग 110 अहिले सुनसान</u>**

खरसाङको रोहिणी रोड खोलिएपछि राष्ट्रिय राजमार्ग 110 अहिले सुनसान बनेको छ। गत 4 अक्टोबरको राती आएको अविरल वर्षाको कारण पैह्रोले रोहिणी रोड बन्द भएपछि सबै गाडीहरु राष्ट्रिय राजमार्ग 110 भएर कुद्न थालेपछि गिध्द पहाड, महानदी, घैयाबारी, तीनधारे, दुई नम्बर, रंगटङ क्षेत्रमा थोकान पाटहरु र होटल व्यवसायहरु एकदमै राम्रो चलिरहेको थियो। तर लगभग तीन महिनापछि पैह्रो मरमत्ति भएर गत 1 जनवरीदेखि रोहिणी रोड खोलिनसाथ राष्ट्रिय राजमार्ग 110 मा गाडीहरुको चलाचल शून्य प्रायः बनेको छ। सबै गाडीहरु रोहिणी रोड भएर कुद्न थालेपछि राष्ट्रिय राजमार्ग 110 अन्तर्गत पर्ने स्थानहरु खरसाङको गिध्द पहाड, महानदी, घैयाबारी, तीनधारे, दुई नम्बर, रंगटङ क्षेत्रमा थोकान पाटहरु र होटल व्यवसायहरु ठप्प भएको छ। प्रायः तीन महिनासम्म राष्ट्रिय राजमार्ग 110 भएर गाडीहरु कुदेको समय यी क्षेत्रहरूमा धैरैले नयाँ नयाँ व्यवसायहरु शुरु गरेका थिए। तर गाडीहरु कुद्न छोडेपछि सबै व्यवसायहरु ठप्प भएको छ। त्यसैले यस क्षेत्रका मानिसहरुले रोहिणी रोड खोलिए पनि गाडीहरु वान वे गरिदिने जीटीए प्रमुख अनित थापा समक्ष अनुरोध गरेका छन्। यस क्षेत्रका स्थानीयहरु सबैले रोहिणी रोड जीटीए प्रमुख

अनित थापाको पहलमा खोलिएको र अब महानदी , घैयाबारी र तीनधारे क्षेत्रका जनसाधारणको लागि पनि केही सोचिदिने माग गर्दै सबै गाडीहरु रोहिणी रोडबाहेक पनि राष्ट्रिय राजमार्ग 110 भएर पनि कुद्नु पर्ने माग गरिएको छ। रोहिणी क्षेत्रका जनसाधारणको लागि राम्रो भएको र अब राष्ट्रिय राजमार्ग 110 क्षेत्रमा पर्ने स्थानहरुका लागि पनि केही गरिदिने निवेदन स्थानीयहरुले गरेका छन्। यसको साथै सबै गाडीहरु वान वे गरे अथवा दुवैतिर गाडीहरु कुदेको खण्डमा दुवैपट्टिको जनसाधारणलाई धैरै सुविधा हुने बताइएको छ।

## लङभ्यू कमानको समस्या - 15 जनवरीसम्मको अल्टिमेटम

खरसाङको लङभ्यू कमानका श्रमिकहरुले हिजो गेट मिटिङ्ग गरेर आफूहरुले पाउनु पर्ने बकाया हाजिरा अनि अरू रकमबारे प्रबन्धकलाई 15 जनवरीसम्मको अल्टिमेटम दिएका छन्। बारम्बार लङभ्यू कमानका प्रबन्धन पक्ष र मालिक पक्षले ईलिगल रूपमा कमान चलाईरहेको स्थिति रहेको हिल प्लान्टेशन इम्लोइज युनियनले आरोप लगाएका छन्। उनीहरु अनुसार श्रमिकहरुले गरेको कामको दाम नदिएको हुनाले लङभ्यू कमानका श्रमिकहरूले नानीहरूको स्कूल फिस समेत तिर्न सकेका छैनन्। बिमारी समय हस्पीटल छैन, पैसा छैन, दबाइको नाममा पेनकिलर समेत छैन। एम्बुलेन्स चडेर हस्पिटल गए 700 रुपियाँ उल्टा म्यानेजमेण्टलाई दिन पर्ने चलन बनाइएको भनी आरोप लगाएका छन्। लङभ्यू कमानको यो स्थिति हुन पुगेको मूल दोष नै मालिक प्रबन्धक अनि मालिक पक्षको व्यक्ति विशेषको सालौ सालदेखिको हेलचेक्र्याइँ रहेको आरोप छ। हिल प्लान्टेशन इम्लोइज युनियनले आरोप लगाए अनुसार रूख काटेर बिग्री गरेर पिएफको पैसा घोटाला गरेर ग्राजुएटीको पैसामा गैरकानुनी काम गरेर पैसा लुट्ने अनि प्रत्येक दिनको हाजिरा पछिल्लो 3 महिनादेखि नदिएको हुनाले आज यो परिस्थिति हुन पुगेको पनि युनियनले आरोप लगाएका छन्। यसैले यस स्थितिमा, सरकार अनि लेबर डिपार्टमेन्टले हस्तक्षेप गर्दै लङभ्यू कमानको स्थायी समाधान गरेको हुनपर्छ भनी हिल प्लान्टेशन इम्लोइज युनियनले माग गरेका छन्।

****** ० ******